# गैडहवा गाउँपालिकाको सम्पूर्ण कर्मचारीहरु

मितिः२०७८/१०/२७ गते

## प्रेस विज्ञप्ती

जिल्ला रुपन्देही गैडहवा गाउँपालिकामा कार्यरत अधिकृत छैठौं श्री रमपत मल्लाह मिति २०७८/१०/२७ गते दिउँसो २:५० बजेको समयमा निजले कार्यकक्षमा काम गरिरहेको बखत गैडहवा गाउँपालिका वडा नं.८ मा स्थायी बसोवास गर्ने दान बहादुर घर्ती , गैडहवा गाउँपालिका वडा नं.३ बस्ने पुष्प रतन पाण्डे लगायत अन्य व्यक्तिहरु कार्यकक्षमा आई गालीगलौच तथा अभद्र व्यवहार गरेकोमा गैडहवा गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुको ध्यानाकर्षण भएको छ ।

अतः राष्ट्रसेवक कर्मचारीहरुको जीउज्यानको असुरक्षा भएको, डरभय त्रासको वातावरण उत्पन्न भई कामकाज गर्ने वातावरण सृजना नभएको हुँदा कर्मचारीहरुको कामकाज गर्न मनोवल कमजोर बनाएकोमा घोर निन्दा र भर्तसना गर्दछौं । तसर्थ यस गैडहवा गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको जीउज्यानको उचित सुरक्षाको प्रत्याभुति गराई  सहज रुपमा कार्य गर्ने वातावरण सृजना गर्न र सो निन्दनीय कार्य गर्ने दोषी उपर हदै सम्मको कार्यवाही गर्न गैडहवा गाउँपालिका तथा प्रहरी प्रशासनसँग जोडदार माग गर्दछौं ।